आज मिति २०७७ साल मंसिर १९ गते सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शेरचनशाही

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री रुकबहादुर राना

सदस्य- श्री दानबहादुर राना

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकबहादुर बुढाथोकी

सदस्य- श्री सन्तकुमार थापा

सदस्य- श्री हरिप्रसाद बि.क.

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमबहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचिव- श्री झविश्वर रेग्मी

**आमन्त्रित उपस्थितिः**

अधिकृत छैठौं (प्रशासन)- नेत्र प्रसाद पाण्डे

कम्प्युटर अपरेटर- जगत बहादुर गाहा

अधिकृत छैठौं (शिक्षा) - रोशन घिमिरे

बैठक संख्याः १०- ०७७/७८

मितिः २०७७/०८/१९

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ः सुरक्षित आवास सम्बन्धमा ।

प्रस्ताव नं. २ः नदी जन्य पदार्थ (ढुङ्गा, गट्टी, बालुवा) सम्बन्धमा।

प्रस्ताव नं. ३ः हाइवे मुद्दा सम्बन्धमा।

प्रस्ताव नं. ४ः चेहेमी पाइप माग सम्बन्धमा।

प्रस्ताव नं. ५ः एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ६ः अक्षेवा माझी बस्तीलाई जग्गा व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. ७ः ५ नं. वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा।

प्रस्ताव नं. ८ः सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा।

प्रस्ताव नं. ९ः अस्पताल भवन निर्माण सम्बन्धमा।

प्रस्ताव नं. १०ः उपभोक्ता समिति तालिम संचालन सम्बन्धमा।

प्रस्ताव नं. ११ः विद्यालयको पूर्वाधार तथा अन्य बजेट कार्यक्रम बाँडफाँड सम्बन्धमा।

प्रस्ताव नं. १२ः साँस्कृतिक गाउँ घोषणाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ः WASH योजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १४ः विविध सम्बन्धमा।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

<u>निर्णयहरु:</u>

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित आवासको लागि वडाबाट सबैको माग संकलन गर्ने र यस अघि वडागत रुपमा वितरण अनुपातको आधारमा सबै वडामा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा अवैध रुपमा नदिजन्य पदार्थ उत्खनन् र अवैध निकासीलाई नियन्त्रण गर्नको लागि पहिलो पटक उक्त कार्य गर्नेलाई रु. ५०००/- जरिवाना, दोस्रो पटक रु. १००००/- जरिवाना र तेस्रो पटक गर्नेलाई रु. २००००/- जरिवाना र प्रयोग गरिएको साधन जफत सम्म गर्न सक्ने र संकलन हुन आएको जरिवानाको २५% रकम प्रहरी कर्मचारीलाई र सूचना गर्ने अन्य व्यक्ति भए १०% रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने तथा करेन्ट लगाउने कार्यलाई नियन्त्रण गर्न प्रहरी चौकीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा सत्यवती गाउँपालिका स्थापना पूर्व सडक विभागले खोलेको सहायक राजमार्गमा गाउँपालिकालाई अनावश्यक दु:ख दिने नियतले सत्यवती गाउँपालिका निवासी टोपकला ढकालले उच्च अदालत बुटवलमा विभिन्न आरोप लगाई मुद्दा दिएको हुँदा उक्त मुद्दा खारेजीको लागि कडाईका साथ प्रतिवाद र प्रतिरक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा चौरफाँटको सिंचाईको लागि प्रयोग गरिएको दुई लाईन पाइप मध्ये एक लाईन पाइप ८ ईन्च प्रयोजनमा नआएकोले सो पाइप चेहेमीको फाँटको सिंचाईको लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा एम्बुलेन्स व्यवस्थापनको लागि निम्नानुसारको योग्यता पुगेको चालक छनौट गर्नको लागि ७ दिन म्याद दिई विज्ञापन गर्ने निर्णय गरियो ।

क) २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
ख) ३ वर्षको अनुभव भएको ।
ग) चौविसै घण्टा खट्न सक्ने ।
घ) कुनै पनि नशालु पदार्थ सेवन नगर्ने ।

ङ) कक्षा ८ उत्तीर्ण गरेको ।

सेवा सुविधाः

क) मासिकरु. १००००/- पारिश्रमिक ।

ख० भत्ता ट्रिप वापत आम्दानीको २५% ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा माझी बस्तीको लागि जग्गाको थप व्यवस्था गरी गाउँपालिकाले स्रोतको खोजी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा ५ नं. वडा कार्यालय भवन निर्माणको लागि वडा कार्यालयले एक हप्ता भित्र जग्गा प्राप्तिको लागि पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा कार्यालयबाट सार्वजनिक जग्गाको विवरण लिने र संरक्षणको लागि व्यवस्था गर्ने र व्यक्तिको जग्गाको विवाद्को विषयमा अमिनलाई प्रयोग गर्दा प्रति कित्ता वापत रु. १०००/-, दुईवटा कित्ताको लागि रु. १५००/-, तीनवटा कित्ताको लागि रु. १५००/- रु. २०००/- र सो भन्दा माथि प्रति कित्ताको लागि थप रु. २००/- शुल्क लिने तथा सार्वजनिक र विपद्को जग्गा नापजाँच निशुल्क गर्ने निर्णय गरियो साथै सोही शुल्कबाट प्राप्त आम्दानीबाट अमिनलाई दैनिक रु. ५००/- फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा डि.पि.आर. प्रक्रियालाई अगाडि बढाउने र अस्पताल भवन निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मापदण्ड र भवन संहिता बमोजिम माटो परिक्षण, डिजाइन, लागत अनुमान, नक्सा र विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्ने कार्यको लागि आयोजनाको शिर्षकबाटै खर्च व्यहोर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो साथै उक्त भवन निर्माण गर्ने जग्गामा हाइटेन्सन लाईनको पोल स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरण तम्घासलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा उक्त कार्यक्रमको लागि प्रति वडा रु. १००००/- रकम दिने र सो रकम योजनाको कन्टिजेन्सी शिर्षकबाट व्यहोरिने र उक्त कार्य एक हप्ता भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दाप्रस्तावना माग भएका विद्यालयहरुको स्थलगत अनुगमन गरी उपयुक्त देखिएको विद्यालयमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा सत्यवती गाउँपालिका वडा नं. ४, लिम्घालाई साँस्कृतिक गाउँ घोषणा लागि संघिय सरकार समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दाप्रत्येक वडाबाट WASH योजनाको माग संकलन गरी अर्को कार्यपालिकाको बैठकबाट छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दानिम्नानुसारको निर्णय गरियो ।

ग) आर्थिक विकास समितिको मिति २०७७/०६/२६गतेको निर्णयानुसार चोरकाटे – चेहेमी दुग्ध कोरिडोर अन्तर्गत लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम संचालन गर्ने र साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम भार्से, जुनियाँ, ठूलोलुम्पेक र वडा नं. २ को पाहादीमा संचालन गर्नेनिर्णय गरियो ।

घ) रुद्रावती कृषि तथा वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो वडा र छिमेकी वडालाई समेत रसायनिक मल, विउ वितरण गर्ने गरेकोले डिलरसिपको लागि कृषि सामग्री कम्पनी लिमिटेड, भैरहवालाई सिफारीस गर्ने ।

ङ) कार्यपालिकाको अर्को बैठक मिति २०७७/०८/२४ गते बुधबारको दिन बस्ने निर्णय गरियो ।